फोनः०५६-४१०१२२/४१०१११
इमेलःichchhakamanaruralmun@gmail.com
वेबसाइटः ichchhakamanamun.gov.np

# इच्छाकामना गाउँपालिका
# कार्यपालिकाको कार्यालय
## कुरिनटार, चितवन

बागमती प्रदेश, नेपाल

प.सं. २०८०/८१
च.नं. १२६९

मितिः २०८०/११/०३

विषय : करारमा शिक्षक पदपुर्ति सम्बन्धी सूचना।

यस गाउँपालिकाको मितिः२०८०/११/०२ को निर्णय अनुसार "इच्छाकामना गाउँपालिका करार शिक्षक तथा विद्यालय कर्मचारी व्यवस्थापन गर्ने सम्बन्धि कार्यविधि २०८०" बमोजिम यस पालिका अन्तर्गत सञ्चालित सामुदायिक विद्यालयमा निम्न अनुसारका रिक्त शिक्षक करार पदमा पदपुर्तिका लागि योग्यता पुगेका नेपाली नागरिकले तपशिलमा उल्लेख भएको कागजात सहित विज्ञापन प्रकाशन भएको मितिले १५ दिन भित्र यस गाउँपालिकामा आवेदन दिनहुन यो सूचना प्रकाशित गरिएको छ। साथै सूचना र दरखास्त फारम यस कार्यालयको वेवसाइट www.ichchhakamanamun.gov.np मा अपलोड गरीएको छ।

| क्र.स | विज्ञापन नं | पद/तह | विषय | सङ्ख्या | दरवन्दीको प्रकार | विद्यालय | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १ | ०९/०८०/८१ | निम्न माध्यमिक शिक्षक तृतीय | विज्ञान | १ | अस्थायी करार | श्री मा.वि.ढुङ्ग्रे | दोश्रो पटक विज्ञापन। विस्तृत विवरण पालिकाको वेवसाइटमा मितिः२०८०/१०/२गतेको विज्ञापनमा छ। |
| २ | १०/०८०/८१ | प्राथमिक शिक्षक /तृतीय | | १ | अस्थायी करार | पालिका अन्तर्गत विद्यालय | |
| ३ | ११/०८०/८१ | प्राथमिक शिक्षक | | १ | गा.पा.को आन्तरीक अनुदान कोटा | पालिका अन्तर्गत विद्यालय | |

१. आवश्यक न्यूनतम शैक्षिक योग्यता
क) **विज्ञापन नं.१०/०८०-८१ र ११/ ०८०-८१** को लागि मान्यता प्राप्त शिक्षण संस्थाबाट कक्षा -१२ वा सो सरह उत्तीर्ण गरेको।
२. निवेदन साथ पेस गर्नु पर्ने कागजातहरु :
क) शैक्षिक योग्यताको प्रमाण पत्रको प्रमाणित प्रतिलिपिहरु। ख) नेपाली नागरिकताको प्रमाण पत्रको प्रमाणित प्रतिलिपि।
ग) शिक्षण अध्यापन अनुमति पत्रको प्रमाणित प्रतिलिपि। घ) अनुभव वापत अंकका लागी सम्वन्धित तहमा नियुक्ती र सेवा प्रमाणित कागजात पेश गर्नु पर्नेछ।
३. परीक्षाको किसिम : लिखित, अन्तर्वार्ता तथा प्रयोगात्मक (आवश्यकता अनुसार)
४. पाठ्यक्रमः शिक्षक सेवा आयोगले तोके बमोजिम।
**५. उमेरः १८ वर्ष पूरा भई ४० वर्ष ननाघेको।**
६. आवेदन दस्तुर : **Global IME बैक कुरीनटार शाखामा रहेको विविध खर्च खाता 12104010000014 वा कार्यालयको राजश्व शाखामा निमावि तह रु ७००/- र प्रावि तह रु ५००/-दाखिला गर्नुपर्नेछ।**
७. सूचना प्रकाशन मितिः२०८०/११/३ र दरखास्त दिने **अन्तिम मितिः२०८०/११/ १७** गते कार्यालय समय भित्र।
८. परीक्षाः सम्पर्क मितिमा तोकिनेछ। सम्पर्क मितिः **२०८०/११/१८**गते।
९. तलव स्केलः गा.पा.अनुदान आन्तरिक स्रोतको मासिक **रु.२०, ०००/-(बीस हजार मात्र)** र अन्य पदमा प्रचलित स्केल बमोजिम।
१०. सम्पर्क फोन नं. ९८४२९५८६३० (कार्यालय समय भित्रमात्र।)
११. रित नपुगेको वा म्याद नाघी आएको निवेदन उपर कुनै कारवाही गरिने छैन।
१२. विज्ञापन नं. ०९/०८०-८१ को विस्तृत विवरण पालिकाको वेवसाइटमा मितिः२०८०/१०/२गते नै अपलोड गरिएकोछ।

**नोटः उपर्युक्त विज्ञापनवाट सफल १/१ जना रिक्त पदमा खटाईने छ। अन्य उमेदवारको योग्य सूचीको नामावली प्रकाशन गरी पालिका अन्तर्गत विद्यालयहरुमा रिक्त हुन आउने करार,राहात र गा.पा.अनुदानकोटामा क्रमशः पदस्थापन गरिनेछ।**

.......................................................
सदस्य सचिव
शिक्षक तथा विद्यालय कर्मचारी छनोट समिति

# व्यवस्थित बन्दै कारागार अस्पताल
# छ महिनामा २० हजार कैदीबन्दीको उपचार



काठमाडौं । नेपालकै सबैभन्दा ठूलो र पुरानो कारागार जगन्नाथदेवल सुन्धारामा सञ्चालित केन्द्रीय कारागार अस्पतालमा छ महिनामा २० हजार कैदीबन्दीले उपचार गरेका छन् ।

नेपालको एक मात्र कारागार अस्पतालमा साउनदेखि पुस मसान्तसम्म १९ हजार नौ सय ९२ कैदीबन्दीले उपचार गरेका छन् । जसमा पुरुष कैदीबन्दी १६ हजार ४९५ र महिला कैदीबन्दी तीन हजार ४९७ रहेका छन् ।

विसं १९७१ मा स्थापना भएको केन्द्रीय कारागार जगन्नाथदेवलमा विसं २०२० सालमा एउटा कोठाबाट कैदीबन्दीको स्वास्थ्य जाँच गर्न सुरु गरिएको थियो । सुरुमा १५ शय्याको अस्पताल सञ्चालनमा ३१ दरबन्दी रहेको अस्पतालले ३० शय्याको अस्पताल सञ्चालन गर्न ३६ दरबन्दी थप गरेको थियो । क्रमशः अस्पातलको सेवा विस्तार गरिँदै हाल ३० शय्याको अस्पताल सञ्चालनमा आएसँगै अस्पतालमा कर्मचारीको दरबन्दी समेत थप गरिएको छ ।

अस्पतालका मेडिकल सुपरिटेन्डेन्ट डा प्रकाश बुढाथोकी कारागार अस्पतालले पुरुष तथा महिला कैदीबन्दीका लागि छुट्टाछुट्टै वार्ड स्थापना गरेर जाँच गर्दै आएको बताउनुहुन्छ । "कारागार अस्पतालले हाल ओपिडी, ल्याब, एक्सरे, इसिजी, अल्ट्रासाउन्ड, डेन्टल, मनोरोग, छालारोग र आँखा रोगलगायतका रोगको उपचार गर्दै आएको छ," - डा बुढाथोकी भन्नुहुन्छ । सो अस्पतालले बेलाबेलामा कैदीबन्दीका लागि स्वास्थ्य शिविर सञ्चालन गर्नुका साथै कैदीबन्दीलाई खानपान, जीवनयापन, रहनसहनलगायतका कुरासमेत सिकाउँदै आइरहेको छ । कारागार अस्पतालले कारागारभित्र उपचार सम्भव नभएका रोगको उपचारका लागि काठमाडौँभित्रका विभिन्न २३ वटा अस्पतालसँग सम्झौता गरेको छ ।

"रोगको प्रकृति हेरेर वीर अस्पताल, त्रिभुवनविश्वविद्यालय शिक्षण अस्पताल, मानसिक अस्पताल, गङ्गालाल अस्पताल, राष्ट्रिय मिर्गौला प्रत्यारोपण केन्द्रलगायतका २३ वटा अस्पतालमा बिरामी पठाउँदै आएका छौं," - डा बुढाथोकी भन्नुहुन्छ ।

अस्पतालकी प्रशासन प्रमुख रमा घिमिरे कैदीबन्दीलाई सबै रोगको उपचार कारागारभित्रै गर्नेगरी सेवा विस्तार गर्दै लगेको बताउनुहुन्छ । "एघारौं तहको अधिकृतको नेतृत्वमा ६८ जनाको दरबन्दी रहने गरी अस्पताल सञ्चालन गरेका छौं," - उहाँ भन्नुहुन्छ । कारागार अस्पतालमा विभिन्न रोगका आठ जना विशेषज्ञ चिकित्सकले उपचार गर्ने व्यवस्थासमेत मिलाइएको उहाँको भनाइ छ ।

केन्द्रीय कारागारमा हाल तीन हजार ४५० कैदीबन्दी छन् । एक हजार ५०० अटाउने केन्द्रीय कारागारमा हाल दोब्बरभन्दा पनि बढी कैदीबन्दी रहँदै आएका छन् । तीनवटा जेल रहेको केन्द्रीय कारागारको केन्द्र जेलमा एक हजार ८४४, भद्र जेलमा एक हजार १५३ र महिला जेलमा ४५३ कैदीबन्दी रहेका छन् । यसैगरी, बालसुधार गृहमा २२८ र नौ आश्रित बालबालिका रहेका छन् ।

केन्द्रीय कारागार सुन्धाराका कारागार प्रशासक ललित बस्नेत देशभरका कैदीबन्दी उपचारका लागि काठमाडौँ आउँदा केन्द्रीय कारागारभित्र कैदीबन्दीको सङ्ख्या बढेको बताउनुहुन्छ । "देशभरका कैदीबन्दी उपचार गर्न र अड्डा अदालत धेरै राजधानीमा भएकाले यहाँ आउने चाप बढेको छ," - उहाँ भन्नुहुन्छ । एक शताब्दी इतिहास बोकेको केन्द्रीय कारागार अहिले कैदीबन्दीको चापका कारण साँघुरो बन्दै गएको कारागार प्रशासक बस्नेत बताउनुहुन्छ । कारागार अस्पतालले कैदीबन्दीको निःशुल्क स्वास्थ्य जाँच गर्दै आएको छ । कैदीबन्दीले निजी अस्पतालमा आफ्नो स्वास्थ्य जाँच गर्न चाहेमा आफ्नै पैसा खर्च गर्नुपर्ने हुन्छ । अस्पतालका बिरामीमा अहिले रुघाखोकी, दम, ज्वरो, टाइफाइडलगायतका बढी विरामी देखिने गरेका छन् ।

यस्तै, केन्द्रीय कारागारमा हाल २५५ जना विदेशी कैदीबन्दी रहेका छन् । विदेशीमध्ये सबैभन्दा बढी भारतीय कैदीबन्दी रहेको कारागार प्रशासक बस्नेत बताउनुहुन्छ । भारतीय कैदीबन्दी अधिकांश लागूऔषध मुद्दाका रहेका उहाँको भनाइ छ । भारतपछि चीन र दक्षिण अफ्रिकाका कैदीबन्दी रहेका छन् ।

आठ वर्ष केन्द्रीय कारागार अस्पतालमा रहेर विरामीलाई सेवा प्रदान गर्नुभएका नेपाल चिकित्सक सङ्घका पूर्व अध्यक्ष डा केदारनरसिंह केसी साँघुरो ठाँउ र धेरै कैदीबन्दीका कारण विभिन्न रोग देखिएको बताउनुहुन्छ । "राज्यबाट कैदीबन्दीको लागि निःशुल्क उपचार व्यवस्था हुनु सकारात्मक कुरा हो, यसलाई विस्तारै व्यवस्थापन गर्दै लैजानुपर्छ," - डा केसी भन्नुहुन्छ ।

उहाँ कैदीबन्दीलाई पछिल्लो समय छालासम्बन्धी समस्या, मानसिक समस्यालगायतका समस्या देखिएको बताउनुहुन्छ । आफू सो अस्पतालमा कार्यरत रहँदा बाहिरबाट हप्ताको एकपटक विशेषज्ञ चिकित्सक झिकाएर कैदीबन्दीको उपचार गरेको उहाँ बताउनुहुन्छ । केन्द्रीय कारागार अस्पतालले आर्थिक वर्ष २०७७/०७८ मा १६ हजार ८८६, आव २०७८/०७९ मा २२ हजार १४१ र आव २०७९/०८० मा ३४ हजार ३२५ विरामीको उपचार गरेको छ । सो अस्पतालले केन्द्रीय कारागारबाहेक डिल्लीबजार र नख्खु कारागारका कैदीबन्दीको उपचार गर्नुका साथै औषधि वितरण गर्दै आएको छ ।

यस्तै, शल्यक्रिया र प्रसूति उपचारको समेत व्यवस्था मिलाउन सो अस्पतालले सरकारसँग माग गरेको छ । उक्त अस्पतालले बिरामी कैदीबन्दीको स्वास्थ्य अवस्थालाई ध्यानमा राखेर २४ सै घन्टा सेवा सञ्चालन गर्दै आएको जनाइएको छ । रासस

# विद्युत् विधेयकमा नवीकरणीय ऊर्जालाई समेट्न माग

काठमाडौं । प्रस्तावित विद्युत् विधेयक २०८० समग्र ऊर्जा क्षेत्रको छाता ऐन भएकाले यसमा नवीकरणीय ऊर्जाका माध्यम जलविद्युत्, सौर्य ऊर्जा तथा बायोग्यासलगायतका स्रोतलाई पनि समेट्नुपर्ने सरोकारवालाहरुले माग गरेका छन् । नेपाल नवीकरणीय ऊर्जा परिसङ्घले आज जारी विज्ञप्तिमा विधेयकको परिचय खण्डमा नवीकरणीय ऊर्जा स्रोतका विषय पनि उल्लेख गरिएको हुँदा विद्युतीकरण र ऊर्जा उपभोगको अधिकार सुनिश्चित गर्न नवीकरणीय ऊर्जाका माध्यम जलविद्युत्, सौर्य ऊर्जा तथा बायोग्यासलगायतका स्रोतको भूमिकालाई ऐनले नजरअन्दाज गर्न नहुने बताइएको छ ।

नेपालमा जलविद्युत्बाहेक अन्य स्रोतको उपलब्धता र त्यसमा ठूलो लगानी भइरहेको छ । स्वच्छ ऊर्जाको बलियो स्रोतका रुपमा रहेको नवीकरणीय ऊर्जाबिना विद्युतीय ऊर्जाको परिकल्पना गर्न नसकिने हुँदा वातावरण र जलवायुमैत्री विकासका लागि नवीकरणीय ऊर्जाको प्रवर्द्धन गर्नु राज्यको जिम्मेवारी भएकाले ऐनमा यस विषयमा स्पष्ट व्यवस्था हुनुपर्नेमा जोड दिइएको छ । परिसङ्घका अध्यक्ष गुणराज ढकालद्वारा जारी विज्ञप्तिमा ऊर्जा सुरक्षा र मिश्रित ऊर्जाका निम्ति नवीकरणीय ऊर्जा राज्यले उच्च प्राथमिकतामा राख्न जरुरी भएको उल्लेख गरिएको छ ।

दिगो र भरपर्दो ऊर्जा आपूर्ति अहिलेको मुख्य चुनौती रहेको सन्दर्भमा नवीकरणीय ऊर्जालाई मिश्रित ऊर्जाको स्रोतका रुपमा उपयोग गर्ने नीति ऐनमा नै स्पष्ट हुनुपर्ने आवश्यकता औंल्याइएको छ । विज्ञप्तिमा भनिएको छ, 'नवीकरणीय ऊर्जाका स्रोतको परिचालनका निम्ति राज्यलाई थप दायित्व सिर्जना नभई आर्थिक स्रोतको पहिचान र उपयोग पनि हुने देखिन्छ । जलवायु र वातावरणमैत्री स्वच्छ ऊर्जाको अवधारणा प्रवर्द्धन गर्नका निम्ति संयुक्त राष्टसंघलगायत क्लाइमेट इन्भेष्टमेन्ट, कार्बन व्यापारलगायतका निकायबाट नेपालले आर्थिक लाभ लिन सक्ने सम्भावना रहेकाले प्रस्तावित विद्युत विधेयकमा यससम्बन्धी स्पष्ट व्यवस्था हुन आवश्यक छ ।'

नवीकरणीय ऊर्जाका क्षेत्रमा काम गर्ने निजी क्षेत्रको छाता सङ्गठनको रुपमा रहेको परिसङ्घमा नेपाल सौर्य विद्युत् उत्पादक संघ, नेपाल लघु जलविद्युत् विकास संस्था, नेपाल वायोग्यास प्रवर्द्धन संघ, जल तथा ऊर्जा परामर्शदाता संघ, नेपाल सौर्य तापीय ऊर्जा संघ, ग्रामीण ऊर्जा प्रविधि उत्पादक संघ नेपाल, जैविक ऊर्जा व्यवसायी संघका कुल पाँच सयभन्दा बढी कम्पनीको आबद्धता रहेको छ ।

# एघार घण्टाभन्दा बढी विद्यालय खोलेर नमूना बनाइँदै जीवनज्योति

स्याङ्जा । शिक्षाको गुणस्तर खस्किँदै गइरहेको आरोप सामुदायिक विद्यालयले खेपिरहेका बेला यहाँको जीवनज्योति माध्यमिक विद्यालयले नमूना अभ्यास थालेको छ । स्याङ्जाको विरुवा गाउँपालिका ७ कुसुमभञ्ज्याङमा रहेको जीवनज्योति माविले कक्षा ६ देखि १२ सम्मका विद्यार्थीलाई झण्डै १२ घण्टा विद्यालय हाताभित्रै शिक्षकको निगरानीमा राखेर सैद्धान्तिक र प्रयोगात्मक कक्षा सञ्चालन गर्दै आएको हो ।

सामुदायिक विद्यालयको शैक्षिक गुणस्तर सुधार गर्ने मुख्य उद्देश्यसहित विद्यार्थीलाई विद्यालयमा सैद्धान्तिक र व्यावहारिक ज्ञान दिने गरिएको विद्यालयका प्रधानाध्यापक सामबहादुर गुरुङले बताउनुभयो । "यस विद्यालयमा ६ देखि १२ कक्षामा अध्ययनरत विद्यार्थी बिहान ७ बजेदेखि बेलुका साढे ६ बजेसम्म विद्यालयमै हुन्छन्" उहाँले भन्नुभयो, "शैक्षिक गुणस्तर वृद्धि गर्न शिक्षक, अभिभावक, विद्यार्थी तथा स्थानीय समुदायको छलफलबाट अतिरिक्त समयमा पनि विद्यार्थी विद्यालयमै रहने निर्णय गरेको हो ।"

अधिकांश अभिभावकले आफ्ना छोराछोरीलाई घरमा किताव पढाउन तथा सोधेका कुराहरु सिकाउन नसक्ने भएकाले विद्यालयमै राखेर सिकाउने गरिएको हो । बिहानदेखि साँझसम्म विद्यार्थीले सैद्धान्तिकका साथै व्यावहारिक ज्ञान लिने गरेका छन् । अतिरिक्त समयमा पढ्दै कमाउँदै कार्यक्रम अन्तर्गत आयमूलक तरकारी, मौरी, च्याउ, फलफूल, सिलाइबुनाइलगायत सीप सिक्ने गरेका छन् । "बिहान ७ बजे विद्यालय आएका विद्यार्थी एकैचोटी साँझ साढे ६ बजे विद्यालयबाट घर जान्छन्" उहाँले भन्नुभयो, "गृहकार्य पनि विद्यालयमै गर्छन्, जसले गर्दा नजानेका केही कुरा भए विषयसँग सम्बन्धित शिक्षकलाई प्रत्यक्षरुपमा सोध्न पाउँछन् ।"

जीवनज्योतिमा विद्यालय समय १०-४ भन्ने छैन । बिहानदेखि साँझ अबेरसम्म दैनिक कक्षा सञ्चालन हुने गरेको छ । शिक्षकले बिहानैदेखि साँझसम्म तालिका मिलाएर अध्यापन गराउँदै आएका छन् । शनिबारको दिनमासमेत 'सामाजिक आन्दोलन' नाम दिई खेलकूद, नयाँ नयाँ खोज तथा रचनात्मक कार्य, नयाँ प्रतिभाको खोजी हुँदै आएको छ । यहाँ अध्ययनरत विद्यार्थी आफैँले आफ्ना लागि शैक्षिक सामग्री किन्न सक्ने बनाउन पढ्दै कमाउँदै कार्यक्रम प्रभावकारी भएको उहाँले बताउनुभयो ।

विद्यालयले च्याउ खेती, सिलाइबुनाइ, वेल्डिङ, मौरीपालन जस्ता काम गरिसकेका छन् । अब केही दिनमा नै ह्याचरीबाट कुखुराका चल्ला उत्पादन गरी विद्यार्थीलाई उपलब्ध गराउने तयारीमा विद्यालय रहेको छ । बिहानैदेखि साँझ अबेरसम्म विद्यालय सञ्चालन हुने भएपछि विद्यालयले एउटा सवारी साधन खरिद गरी सञ्चालनमा ल्याएको छ । स्याङ्जाको विकट ग्रामीण भेगमा रहेको जीवनज्योतिले शैक्षिक क्षेत्रमा उदाहरणीय काम गर्दै आएको छ ।

ग्रामीण भेगबाट बसाई सरी शहरी क्षेत्रमा जाने क्रमलाई रोक्न गाउँमै गुणस्तरीय शिक्षा दिने अभियान थालिएको उहाँले बताउनुभयो । गण्डकी प्रदेश सरकारले रु. दश लाख, बिरुवा गाउँपालिकाले रु. पाँच लाखको सहयोग र स्थानीय समुदाय, अभिभावक, शिक्षकले दिएको चन्दाबाट रु. तीस लाखमा बस खरिद गरेको छ । विद्यालयमा दैनिक प्रधानाध्यापक फेर्ने गरिएको छ । शिक्षकभित्रैबाट दैनिक प्रधानाध्यापक फेरी आलोपालोमा प्रशासन चलाउने अभ्यास पनि जीवनज्योतिले गरेको छ । रासस


## इच्छाकामना गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय

कुरिनटार, चितवन
बागमती प्रदेश, नेपाल

## करारमा शिक्षक पदपूर्तिसम्बन्धी सूचना

यस गाउँपालिकाको मितिः २०८०/११/०२ को निर्णय अनुसार "इच्छाकामना गाउँपालिका करार शिक्षक तथा विद्यालय कर्मचारी व्यवस्थापन गर्ने सम्बन्धि कार्यविधि २०८०" बमोजिम यस पालिका अन्तर्गत सञ्चालित सामुदायिक विद्यालयमा निम्न अनुसारका रिक्त शिक्षक करार पदमा पदपुर्तिका लागि योग्यता पुगेका नेपाली नागरिकले तपशिलमा उल्लेख भएको कागजात सहित विज्ञापन प्रकाशन भएको मितिले १५ दिन भित्र यस गाउँपालिकामा आवेदन दिनहुन यो सूचना प्रकाशित गरिएको छ। साथै सूचना र दरखास्त फारम यस कार्यालयको वेवसाइट www.ichchhakamanamun.gov.np मा अपलोड गरीएको छ ।

| क्र.सं | विज्ञापन नं | पद/तह | विषय | संख्या | दरवन्दीको प्रकार | विद्यालय | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १ | ०९/०८०/८१ | निम्न माध्यमिक शिक्षक तृतीय | विज्ञान | १ | अस्थिायी करार | श्री मा.वि.ढुङ्ग्रे | दोश्रो पटक विज्ञापन । विस्तृत विवरण पालिकाको वेवसाइटमा मितिः २०८०/१०/२ गतेको विज्ञापनमा छ । |
| २ | १०/०८०/८१ | प्राथमिक शिक्षक /तृतीय | | १ | अस्थिायी करार | पालिका अन्तर्गत विद्यालय | |
| ३ | ११/०८०/८१ | प्राथमिक शिक्षक | | १ | गा.पा.को आन्तरिक अनुदान कोटा | पालिका अन्तर्गत विद्यालय | |

**१. आवश्यक न्यूनतम शैक्षिक योग्यता**
क) विज्ञापन नं.१०/०८०-८१ र ११/०८०-८१ को लागि मान्यता प्राप्त शिक्षण संस्थाबाट कक्षा १२ वा सोसरह उत्तीर्ण गरेको ।

**२. निवेदन साथ पेस गर्नु पर्ने कागजातहरु** :
क) शैक्षिक योग्यताको प्रमाण पत्रको प्रमाणित प्रतिलिपिहरु । ख) नेपाली नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि ।
ग) शिक्षण अध्यापन अनुमति पत्रको प्रमाणित प्रतिलिपि । घ) अनुभव वापत अंकका लागि सम्वन्धित तहमा नियुक्ति र सेवा प्रमाणित कागजात पेश गर्नुपर्ने छ ।

**३. परीक्षाको किसिम** : लिखित, अन्तर्वार्ता तथा प्रयोगात्मक (आवश्यकता अनुसार)
**४. पाठ्यक्रम** : शिक्षक सेवा आयोगले तोकेबमोजिम ।
**५. उमेर** : १८ वर्ष पूरा भई ४० वर्ष ननाघेको ।
**६. आवेदन दस्तुर** : Global IME बैंक कुरिनटार शाखामा रहेको विविध खर्च खाता 12104010000014 वा कार्यालयको राजश्व शाखामा निमावि तह रु ७००/- र प्रावि तह रु ५००/- दाखिला गर्नुपर्नेछ ।
**७. सूचना प्रकाशन मिति** : २०८०/११/३ र दरखास्त दिने अन्तिम मितिः २०८०/११/ १७ गते कार्यालय समय भित्र।
**८. परीक्षा** : सम्पर्क मितिमा तोकिनेछ । सम्पर्क मितिः २०८०/११/१८गते ।
**९. तलव स्केल** : गा.पा. अनुदान आन्तरिक स्रोतको मासिक रु.२०,०००/- (बीस हजार मात्र) र अन्य पदमा प्रचलित स्केल बमोजिम ।
१०. सम्पर्क फोन नं. ९८४२९५८६३० (कार्यालय समय भित्रमात्र ।)
११. रीत नपुगेको वा म्याद नाघी आएको निवेदन उपर कुनै कारवाही गरिने छैन ।
१२. विज्ञापन नं. ०९/०८०-८१ को विस्तृत विवरण पालिकाको वेवसाइटमा मितिः २०८०/१०/२ गते नै अपलोड गरिएकोछ ।

*नोट : उपर्युक्त विज्ञापनवाट सफल १/१ जना रिक्त पदमा खटाइने छ । अन्य उमेदवारको योग्य सूचीको नामावली प्रकाशन गरी पालिकाअन्तर्गत विद्यालयहरुमा रिक्त हुन आउने करार राहात र गा.पा. अनुदानकोटामा क्रमशः पदस्थापन गरिनेछ ।*

**- सदस्य सचिव**


# भारतका विभिन्न शहरमा नेपालको पर्यटन प्रवर्द्धन गरिने

काठमाडौं । भारतबाट बढीभन्दा बढी पर्यटक भित्र्याउने उद्देश्यले अयोध्या, लखनऊ, कानपुरलगायत सीमावर्ती सहरहरुमा नेपालको पर्यटन प्रवर्द्धन गरिने भएको छ ।

होटल सङ्घ नेपालले जनकपुरलगायत नेपालका अन्य हिन्दू पीठको अयोध्यासँग सानिध्य कायम गरी बृहत् प्रवर्द्धन र प्रचारप्रसार गरी भारतीय पर्यटक आकर्षण गर्न यही फागुन २० देखि २६ (मार्च ३ देखि ६ तारिख) गतेसम्म सीताराम दर्शन तथा पर्यटन प्रवर्द्धन कार्यक्रम गर्ने भएको हो ।

अयोध्यामा राम मन्दिरको प्राण पश्चात विश्वको ध्यान त्यसतर्फ आकृष्ट भएको सन्दर्भमा यसबाट नेपालले लाभ लिनसक्ने गरी कार्यक्रम गर्न लागिएको सङ्घले जनाएको छ । होटल सङ्घका अध्यक्ष विनायक शाहले भारतबाट उल्लेख्य सङ्ख्यामा धार्मिक पर्यटकलाई नेपालमा आकर्षण गर्ने उद्देश्यले पर्यटन प्रवर्द्धनको कार्यक्रम आयोजना गरिएको बताउनुभयो ।

उहाँले भन्नुभयो, "विशेष गरी भारतका ट्राभल एजेन्ट्सहरुलाई नेपालको धार्मिक पर्यटनबारे प्रचारप्रसार गर्छौं, नेपाल प्रवर्द्धन र बिटुबी कार्यक्रम हुनेछ ।" अध्यक्ष शाहका अनुसार फागन २० गते जनकपुरको जानकी मन्दिरमा पुजा अर्चना गरी प्रशाद लिएर भोलिपल्ट भारतको अयोध्या प्रस्थान गरी त्यहाँ पुजाआज सम्पन्न गरिनेछ । फागनु २२ गते भारतको लखनउ, कानपुर, गोरखपुरलगायत सीमावर्ती शहरमा नेपालको पर्यटन प्रवर्द्धन गर्ने कार्यक्रम छ ।

भारतीय टूर अपरेटर तथा विशिष्ट व्यक्तित्वका लागि विशेष आकर्षण स्वरुप नेपालका धार्मिक महत्वका पशुपतिनाथ, मुक्तिनाथ, डोलेश्वर महादेव, हलेसी महादेवलगायत मन्दिर र पिठहरुबाट सङ्कलित पवित्र जल प्रसादको अभिषेकले स्वागत गर्ने, रुद्राक्षको मालासहितको अभिनन्दन र पशुपतिनाथको चन्दन तथा जनकपुरको प्रसाद वितरण गर्ने कार्यक्रम रहेको सङ्घले जनाएको छ ।

नेपालको प्रचारप्रसार र पर्यटन प्रवर्द्धन कार्यका लागि परम्पराअनुसार माइती पक्षबाट भेटघाटका लागि ज्वाइँ छोरीको घर गई विभिन्न किसिमका उपहार तथा सौगात प्रदान गर्ने प्रचलन रहेको हुँदा सोहीअनुरुप माइती पक्ष सीताको जन्मस्थल जनकपुरबाट अयोध्यासम्म लावालस्करसहित नेपालका तर्फबाट होटल तथा पर्यटन व्यवसायीसहितको समूहले राम मन्दिरमा पूजाअर्चना गर्नेछ ।

सीताको जन्मभूमि जनकपुर र अयोध्याको सदियौंदेखि रहिआएको धार्मिक, सांस्कृतिक तथा सामाजिक सम्बन्ध झनै प्रगाढ भई धार्मिक पर्यटन प्रवर्द्धन गर्न सकिने जनाइएको छ । गर्मीको छुट्टीमा धेरैभन्दा धेरै परिवारसहितका भारतीय पर्यटकलाई नेपालका विभिन्न धार्मिक पीठ जस्तै पोखरा, जनकपुर, चितवन, बर्दिया, काठमाडौंजस्ता पर्यटकीय गन्तव्यमा आकर्षित गर्ने उद्देश्य राखिएको छ ।

सीमावर्ती भारतीय सहरसहित अयोध्या, गोरखपुर, कानपुर, लखनउलगायत त्यस क्षेत्रका अन्य प्रतिष्ठित टूर अपरेटरसँग लखनउमा बीटूबी तथा नेपाल प्रवर्द्धन कार्यक्रमका साथै नेपाल प्रवर्द्धन साँझमा भारतीय पर्यटक आकर्षित गर्ने प्याकेजसहितको कार्यक्रम पश्चात नेपाली रैथाने परिकारसहितको रात्रिभोज गर्ने गर्ने पनि जनाइएको छ ।

उक्त कार्यक्रमबाट पोखराले गर्दै आएको 'चलिए पोखरा' र सौराहा चितवनले गर्दै आएको 'घुमौं सौराहा' जस्ता प्रवर्द्धनात्मक कार्यक्रमलाई समेत टेवा पुग्ने सङ्घले विश्वास लिएको छ । रासस

# जीप दुर्घटना : मृतक १० जनाको सनाखत

पाल्पा । पाल्पामा जीप दुर्घटना हुँदा मृतकको सङ्ख्या १० पुगेको छ । आठ जनाको घटनास्थलमा र दुई जनाको उपचारका क्रममा लुम्बिनी मेडिकल कलेज प्रभासमा मृत्यु भएको हो । मृतक सबैको पहिचान खुलेको छ । मङ्गलबार राति अबेरसम्म पनि आफन्त नआएकाले मृतकको पहिचान हुनसकेको थिएन ।

तिनाउँ गाउँपालिका-६ मस्यामस्थित इको फार्महाउस नजिकै भित्री कच्ची सडकखण्डमा डुम्रेबाट चिदीसतर्फ जाँदै गरेको लु१ज २३७१ नम्बरको जीप मङ्गलवार साँझ दुर्घटना भएको थियो । आफैं अनियन्त्रित भएर जीप सडकबाट करिब तीन सय मिटर तल खसेको थियो ।

दुर्घटनामा मृत्यु हुनेमा तिनाउँ गाउँपालिका-६ मस्यामका ६० वर्षीया यनकुमारी पन्त, तिनाउँ-६ का ३९ वर्षीय रामबहादुर अस्लामी, सोही स्थानका ६७ वर्षीय कृष्णबहादुर अस्लामी, २८ वर्षीय उर्मिला अस्लामी, रुपन्देही बुटवल उपमहानगरपालिका-१४ तामनगरका ७० वर्षीय चन्द्र रणपाल र सोही स्थानका ६० वर्षीय चुना रणपाल रहेका छन् । यसैगरी तिनाउँ-२ खुर्सानेकी २० वर्षीय गीता सुनार, रिब्दिकोट गाउँपालिका- १ ख्याहाका ६६ वर्षीया विष्णुकला कामी, सोही ठाउँकै ६५ वर्षीया दिलकुमारी सुनार, रुपन्देही देवदह नगरपालिका-५ का २९ वर्षीया दिलमाया जिसीको मृत्यु भएको जिल्ला प्रहरी कार्यालय पाल्पाका प्रहरी निरीक्षक तथा सूचना अधिकारी सुगन्ध श्रेष्ठले जानकारी दिनुभयो । रासस

## चितवन र नवलपरासी पूर्व तथा पश्चिमका महत्त्वपूर्ण टेलिफोन नम्बरहरू

सञ्चारपत्र दैनिकमा समाचार, विचार, आलेख, लेखरचना इत्यादी पठाउनु परेमा : esancharpatra@gmail .com

**आकस्मिक सेवा** :
प्रहरी कन्ट्रोल कक्ष : १००/०५६-५२४२४१
**दमकल सेवा** :
दमकल भरतपुर महानगरपालिका : ०५६-५२१०८३
**एम्बुलेन्स सेवा** :
नेरेसो चितवन : ०५६-५२०१३३/५२०८८०
क्षयरोग निवारण संस्था, चितवनः ९७४५०६७४००
नेरेसो, कावासोतीः ०७८-५४०४१८
नेरेसो, परासीः ०७८-५२०१२५/५२००७६
मातृभूमि, पर्साः ९८४५०५१३८६
नेरेसो, खोलेसिमलः ०५६-५६११३३
नेरेसो, पार्वतीपुरः ९८४५०५०५४५
नेरेसो, चनौलीः ९८४५०५६९३९
नेरेसो, शारदानगरः ९८४५०५६६३७
नेरेसो फूलबारीः ९८४५११२२८४
गीतानगर, लायन्सः ९८४५३९६४३३
सहमति, गैंडाकोटः ०७८-५१२४८
विजय विकास स्रोत गैंडाकोटः ०७८-५०११००
पुरानो मेडिकल कलेज (सिएमएस): ०५६-५२८८०९
वीपी कोइराला मेमोरियल क्यान्सर अस्पालः ०५६-५२४५०१
ओम अस्पतालः ०५६-५२७६७३
नारायणी सा.हस्पिटलः ०५६-५२५५१७
**प्रशासनिक निकाय** :
जिल्ला प्रशासन कार्यालय चितवनः ०५६-५२०१०५
जिल्ला प्रशासन कार्यालय, नवलपरासीः ०७८-५२०११७
जिल्ला समन्वय समिति, चितवनः ०५६-५२०१४७
जिल्ला समन्वय समिति, नवलपरासीः ०७८-५२०१४४
भरतपुर महानगरपालिका, चितवनः ०५६-५२१४६७
रत्ननगर नगरपालिका, चितवनः ०५६-५६०५२९
खैरहनी नगरपालिका, चितवनः ०५६-
राप्ती नगरपालिका, चितवन :
कालिका नगरपालिका, चितवन : ०५६-४१३१२७/३७
माडी नगरपालिका, चितवन : ०५६-५०१०४१
इच्छाकामना गाउँपालिका, चितवन :
गैंडाकोट नगरपालिका, नवलपरासी पूर्व :
मध्यविन्दु नगरपालिका, नवपरासी पूर्व :
देवघाट गाउँपालिका, देवघाट :
विद्युत प्राधिकरण भरतपुरः ०५६-५२०१६६
विद्युत प्राधिकरण नवलपरासी (पश्चिम): ०७८-५२०११५
विद्युत प्राधिकरण नवलपरासी (पूर्व): ०७८-५४०२०२
**सुरक्षा निकाय** :
जिल्ला प्रहरी कार्यालय, चितवनः ०५६-५२०१५५
जिल्ला प्रहरी कार्यालय, नवलपरासी (पूर्व): ०७८-५४०१७९
जिल्ला ट्राफिक प्रहरी कार्यालय, चितवनः ०५६-५२४८९९
जिल्ला ट्राफिक प्रहरी कार्यालय, नवलपरासी (पूर्व): ०७८-५४००३०
इलाका प्रहरी कार्यालय, मुग्लिनः ०५६-५४०००३
इलाका प्रहरी कार्यालय, गैंडाकोटः ०७८-५०११९९
इलाका प्रहरी कार्यालय, रत्ननगरः ०५६-५६०१९९
इलाका प्रहरी कार्यालय, खैरहनीः ९८५५०९०१३१
इलाका प्रहरी कार्यालय, भण्डाराः ९८५५०९०३०३
इलाका प्रहरी कार्यालय, माडीः ९८५५०९०१३४
प्रहरी बिट, देवघाटः ९८४४६२४६७
वडा प्रहरी कार्यालय, नारायणगढः ०५६-५७११४६, ९८५५०९०१३२
शसस्त्र प्रहरी बेस क्याम्प भण्डाराः ०५६-५५०१९९
शसस्त्र प्रहरी बल सीमा सुरक्षा कार्यालय आँपटारीः ०५६-४१४१५५
**स्वास्थ्य संस्था** :
चित्रवन नेचर क्योर हस्पिटल ०५६-५३५२१३
भरतपुर अस्पतालः ०५६-५२०४६०
वीपी कोइराला मेमोरियल क्यान्सर अस्पतालः ०५६-५२४५०१
भरतपुर आँखा अस्पतालः ०५६-५२०३३३
बकुलहर रत्ननगर अस्पतालः ०५६-५६०५००
चितवन मेडिकल कलेजः ०५६-५३२९३३
पुरानो मेडिकल कलेजः ०५६-५२४२०३
नारायणी सामुदायिक हस्पिटलः ०५६-५२५५१७
श्रीपुष्पाञ्जली हस्पिटलः ०५६-५२८४८०
चितवन हस्पिटलः ०५६-५२७१०१
भरतपुर सेन्ट्रल हस्पिटलः ०५६-५२४२२३
नेशनल सिटी हस्पिटलः ०५६-५२३४११
आमा आयुर्वेद सेवा प्रा.लि.: ०५६-५७०१७४
वैदिक आयुर्वेद सेवा प्रा.लि.: ०५६-५७११०४
अनमोल होमियो क्लिनिकः ०५६-५७०१५९